अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | उल्लिखित आधार लिई विशेष अदालत काठमाण्डौबाट भएको फैसला देहायका आधार, कारणहरुबाट बदर भागी छ. |
|---|---|---|---|---|---|
| १ | हरिओम प्रसाद जयसवाल, वीरेन्द्र प्रसाद साह, सर्मेन्द्र प्रसाद चौधरी, अजित कुमार गुप्ता, दिनेश कुमार, दिनेश प्रसाद यादव, बैधनाथ प्रसाद यादव र गीता कुमारी यादव मु.नं (०७९-CR-०१३८) फैसला मिति २०८१/०१/१७ | सडक स्तरोन्नती को लागि स्वीकृत योजना भन्दा फरक योजनामा झुट्टा भुक्तानी समेत गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>प्रतिवादीहरु तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिओम प्रसाद जयसवाल र लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिम झुठा बिल बनाइ भुक्तानी दिने कसुर गरेको देखिन आएकोले निज प्रतिवादीहरु हरिओम प्रसाद जयसवाल र सर्मेन्द्र प्रसाद चौधरीलाई बढि भुक्तानी दिएको रकम रु.१०,०८,९६५।४० बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुन मागदाबी लिइएको देखिन्छ।<br>प्रतिवादीहरु प्रतिवादीहरु इन्जिनियर अजित कुमार गुप्ता र असिष्टेन्ट सब-इन्जिनियर दिनेश कुमारले भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८को उपदफा (१) को देहाय (ङ) वमोजिम झुठा बिल बनाइ भुक्तानी दिने कसूर गरेकोले देखिन आएकोले निज प्रतिवादीहरु अजित कुमार गुप्ता र दिनेश कुमारलाई बढि भुक्तानी दिएको रकम | **अदालतको फैसला**<br>सम्पूर्ण प्रतिवादीहरुले आरोपदाबीबाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ।।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>**क.** निर्माण कार्य भएपछि २०७८ र २०७९ दुई वर्षको वर्षाको पानीले ग्राभेल गरिएको सडकमा असर गर्ने अवस्था हुन्छ।यातायातको साधनले समेत ग्राभेल सडकलाई प्रभावित पार्न सक्छ। ग्राभेल गरेको डेढ | **क.** बारा जिल्ला सिम्रौनगढ नगरपालिका वडा नं. ९ स्थित बसबरियादेखि अमरपुर जाने बाटोमा माटो पुरी ग्राभेल निर्माण कार्यको लागि योजनाको कुल लागत रु.७०२१२३२।- मध्ये नगरपालिकाबाट रु.६०,१४,०००।– र उपभोक्ता समितिबाट रु.१०,०७,२३२।- रकम बेहोर्ने भन्ने सम्झौता भएकोमा स्थलगत मुचुल्का गर्दा Construction of Sub-base with River bed sand mix gravel watering and rolling with १० ton roller कार्यमा रु.७,२४,१३३।३३ बढी भुक्तानी गरेको र जनसहभागिता बापत सम्झौता बमोजिम रु.९,३९,६२२।५८ कट्टा गर्नुपर्नेमा रु.२,८४,८३२।०७ बढी भुक्तानी गरी जम्मा रु.१०,०८,९६५।४० बढी भुक्तानी लिनेदिने कार्य गरी सरकारी रकमको हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने आरोपदावी रहेको प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुको मिलेमतोमा सम्झौता बमोजिमको कार्य सम्पन्न नगरी नभए नगरेको समेत काम गरेको गलत प्रतिवेदन समेत दिई सो प्रतिवेदनलाई समर्थन गरी सम्झोता बमोजिम उपभोक्ताबाट बेहोर्नु पर्ने खर्च नकटाई बढी भुक्तानी दिएको भन्ने तथ्य प्रतिवादीहरुको वयान, नापी किताव, लेखा स्रेस्ता, सि.डि.ई. मोहदत्त भट्टको स्थलगत मुचुल्का एंव प्रतिवेदन समेतबाट पुष्टि भएको छ भने उक्त स्थलगत मुचुल्का एवं प्रतिवेदन गर्ने मोहदत्त भई, राजन राय, राज किशोर साह र रुपललाल प्रसाद यादव समेतले अदालत समक्ष गरेको वकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा ८, दफा १८ र दफा २० बमोजिम प्रमाणमा ग्रहण गरी प्रतिवादीलाई आरोपदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ।<br>**ख.** अन्तिम बिल तयार गर्दा कुल मूल्यांकन रकम रु.६५,४७,८९२।५१ मा सम्झौता बमोजिमको रकम रु.९,३९,६२२।५८ कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु.६,५४,७९०।५१ मात्र कट्टा गरी रु.२,८४,८३२।०७ बढी भुक्तानी भएको देखियो।साथै साईटमा नगरे नगराएको परिमाणको नापी चढाई ग्राभेल सबबेस निर्माणकार्यको परिमाण १७६८.२० घ.मी. कायम गरी सम्बन्धित उपभोक्ता समितिलाई प्रति घनमिटर रु.२७९०।४३ दरले भुक्तानी दिइएकोमा आयोगबाट खटिएको टोलिले स्थलगत रुपमा लिएको नाप बमोजिम उक्त ग्राभेल सबबेस कार्यको परिमाण १,४७९.८६ घ.मी. मात्र रहेको पाइएको हुँदा निर्माणस्थलमा वास्तविक रुपमा सम्पादित भएको निर्माण कार्यको तुलनामा २८८.३४ घ.मी. बढी ग्राभेल सबबेसको परिमाण नापी किताबमा चढाई कार्यसम्पन्न प्रतिवेदन तयार गरी रु.८,०४,५९२।५९ रकम बढी मूल्याङ्कन गरी जनसहभागिता बापत कट्टा गरेको रकम रु. ८०,४५९।२६ घटाउँदा रु.७,२४,१३३।३३ बढी भुक्तानी भएको देखिन्छ। यसबाट कूल रकम रु.१०,०८,९६५।४० बढी भुक्तानी गर्ने कार्यमा यी प्रतिवादीहरुको प्रदेश सरकारबाट स्वीकृत भई आएको भन्दा फरक योजना (नाम नै नमिल्ने)मा कार्यक्रम संशोधन नगरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.१०,०८,९६५।बिगो रकम कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुन साथै निज प्रतिवादीहरु अजित कुमार गुप्ता र दिनेश कुमारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको समेत देखिन आएकोले सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको देखिन्छ।<br>प्रतिवादी तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) वमोजिम कसुर गरेको देखिन आएकोले निजलाई रु.२,८४,८३२।०७ बिगो रकम कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम सजाय हुन मागदाबी लिइएको देखिन्छ।<br>प्रतिवादीहरु उपभोक्ता समितिका अध्यक्ष दिनेश प्रसाद यादव, सचिव बैद्यनाथ प्रसाद यादव र कोषाध्यक्ष गिता कुमारी यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसुर गरेको देखिन आएकोले निज प्रतिवादीहरु दिनेश | वर्षपछि स्थलगत नाप जाँच गरेको स्थलगत मुचुल्काको आधारमा नापी किताबमा उल्लेख गरेको भन्दा ग्राभेल सववेस कार्य कम भई गरेको काम भन्दा बढी काम भएको मूल्याङ्कन गरी भुक्तानी गरेको भन्ने प्रतिवेदनलाई प्रतिवादीहरु उपरको आरोप दाबी पुष्टि हुने प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने देखिएन।<br>**ख.** सम्झौतापत्रमा कुल मूल्याङ्कन रकमको १४.३५% उपभोक्ता समितिले बेहोर्ने | नगराई बजेट खर्च गर्ने, गलत विलभरपाई तयार गर्ने, गलत कार्य सम्पन्न प्रतिवेदन दिने, गोश्वरा भौचर तयार गर्ने र चेक काटी बढी भुक्तानी लिने/दिने कार्य गरेको देखिदा देखिदै यी सम्पूर्ण प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण छ।<br>**ग.** बसबरिया चोकदेखि १३५० मिटर लम्बाईमा ग्राभेल कार्य सम्पादन गरेको, स्थलगतरुपमा लिइएको नाप बमोजिम ग्राभेल कार्यको कुल परिमाण १,४७९.८६ घ.मी. रहेको, जुन परिमाण सो योजनाको कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण १,७६८.२० घ.मी. को तुलनामा २८८.३४ घ.मी. घटी रहेकोले उक्त योजनामा निर्माणस्थलमा वास्तविक रुपमा सम्पादन गरेको ग्राभेल सबबेसको परिमाणभन्दा बढी परिमाण नापी किताबमा चढाई रु.८,०४,५९२।५९ रकम बढी भुक्तानी दिएको देखिएको। सम्झौता बमोजिम सम्पन्न कार्यमा उपभोक्ताबाट रकम रु.९,३९,६२२।५८ कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु.६,५४,७९०।५१ मात्र कट्टा भए गरेको देखिएकोले रु.२,८४,८३२।०७ रकम बढी भुक्तानी गरिएको अवस्था देखिएको भन्ने खुलाई मिति२०७९।१०।२७ गते पेश गरेको सि.डि.ई. मोहदत्त भट्ट समेतको फिल्ड प्रतिबेदनलाई निज प्रतिवेदनलाई समर्थन गरी सनाखत गर्दै सडकको अवस्था नापजाँच गर्दा ठिक हालतमा रहेको थियो। कतै बिग्रे भत्केको थिएन। त्यसैले निर्माण भएबमोजिम ग्राभेलको परिमाणमा ह्रास भएको अवस्था देखिएको थिएन। यसमा नापी किताब बमोजिमको सडकको चौडाई र मोटाई स्थलगत रुपमा फरक परेकोले बास्तविक रुपमा हुनपर्ने भन्दा घटी परिमाण फिल्डमा पाइएको थियो। सोहीं बेहोराको प्रतिवेदन तयार गरेको हो भनी स्पष्ट रुपमा वातावरणीय कारणले उक्त सडक निर्माणमा क्षति भएको थिएन भन्ने तथ्यलाई पुष्टि गरेको अवस्थामा उक्त तथ्यलाई प्रमाण ऐन, २०३१ को दफा १८ र दफा २० बमोजिम प्रमाणमा लिन मिल्ने नै हुँदा उक्त प्रमाणको कुनै मूल्यांकन नै नगरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br>**घ.** उक्त आयोजनाको सम्झौतापत्रमा कुल मूल्याङ्कन रकमको १४.३५% उपभोक्ता समितिले बेहोर्ने भन्ने उल्लेख नभएको अवस्थामा सम्झौता बमोजिम कुल मूल्याङ्कन रकम रु.६५,४७,८९२।५१ को १४.३५% को दरले जनसहभागिता बापत रु.९,३९,६२२।५८ कट्टा नगरेको भन्ने आधारमा बढी भुक्तानी गरेको मान्न मिल्ने देखिएन भनी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसलाको आधारका सन्दर्भमा, सिम्रौनगढ नगरपालिका वडा नं ९ स्थित बसबरियादेखि अमरपुर जाने बाटोमा माटो पुरी ग्राभेल गर्ने योजनाको लागि रु.७०,२१,२३२।- को लागत अनुमान स्वीकृत भई उपभोक्ता समितिका अध्यक्ष दिनेश प्रसाद यादव र सिम्रौनगढ नगरपालिकाबीच सो निर्माणकार्यको लागि नगरपालिकाबाट कुल रु.६०,१४,०००।- र उपभोक्ता समितिबाट रु.१०,०७,२३२।- (१४.३५%) रकम लागत व्यहोर्ने, मिति २०७८ असार १५ गतेसम्ममा निर्माण कार्य पुरा गर्नुपर्ने शर्त सहित मिति २०७७/०८/११ गते योजना सम्झौता भएकोमा अन्तिम प्राविधिक मूल्यांकनको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रसाद यादव, बैद्यनाथ प्रसाद यादव र गिता कुमारी यादवलाई रु.१०,०८,९६५।४० बिगो रकम कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (४) वमोजिम सजायँ गरी बिगो समेत जफत हुन मागदाबी लिई आरोपपत्र दायर भएको | भन्ने उल्लेख नभएको अवस्थामा सम्झौता बमोजिम कुल मूल्याङ्कन रकम रु.६५,४७,८९२।५१ को १४.३५% को दरले जनसहभागिता बापत रु.९,३९,६२२।५८ कट्टा नगरेको भन्ने आधारमा बढी भुक्तानी गरेको मात्र मिल्ने देखिएन | रकम रु.६५,४७,८९२।५१ रहेको तथा उपभोक्ता समितिको योगदान रु.६,५४,७९०।५१ (१०%) कट्टा गरी रु.५८,९३,१०२।- रकम भुक्तानी भएकोको भन्ने खुलाई उक्त योजनाको योजना सम्झौता, लागत अनुमान, नापी किताब, उपभोक्ता सम्बन्धी बिल, कार्यसम्पन्न प्रतिवेदन, भुक्तानी भौचर समेत सहितका कागजातको प्रतिलिपी संलग्न गरी आएको सिम्रौनगढ नगरपालिकाको प.सं. २०७९।०८०, च.नं. ७१४, मिति २०७९।१०।०९ को पत्रबाट देखिन्छ।सम्झौतामा उपभोक्ता समितिबाट प्रतिशत १४.३५% भन्ने उल्लेख नभएता पनि आयोजनाको कुल लागत रु.७०,२१,२३२।- मा नगरपालिकाले रु.६०,१४,०००।- र उपभोक्ता समितिबाट रु.१०,०७,२३२।– बेहोर्ने भन्ने स्पष्ट रुपमा उल्लेख भएको देखिन्छ।कार्य सम्पन्न पश्चात अन्तिम प्राविधिक मूल्यांकनको रकम रु.६५,४७,८९२।५१ भएकोमा सम्झौता बमोजिम उपभोक्ताले बेहोर्नु पर्ने रकमको अनुपात निकाल्नको लागि मात्र १४.३५% को हिसाब उल्लेख गरिएको स्पष्ट भएकै अवस्थामा हिसाबको सामान्य सुझबुझलाई समेत मनन नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ।<br>अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, यी प्रतिवादीहरु हरिओम प्रसाद जयसवाल, वीरेन्द्र प्रसाद साह, सर्मेन्द्र प्रसाद चौधरी, अजित कुमार गुप्ता, दिनेश कुमार, दिनेश प्रसाद यादव, बैधनाथ प्रसाद यादव र गीता कुमारी यादवले आरोपदावी बमोजिमको कसूरवाट सफाई पाउने ठहर भई बिशेष अदालतबाट फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |